महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone : 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

# प्रेस विज्ञप्ति

(आमसञ्चार माध्यममा तत्काल उपयोगको लागि)

२०७६ असार १६ गते, सोमबार

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यू र विश्व बैंक समूहका Vice President and Auditor General Ms. Anke D' Angelo बीच औपचारिक भेटघाट कार्यक्रम महालेखापरीक्षकको कार्यालय, बबरमहलमा सम्पन्न भयो । उक्त कार्यक्रममा विश्व बैंकका ५ जना प्रतिनिधि र कार्यालयका पदाधिकारीको उपस्थिति रहेको थियो ।

कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले विश्व बैंक समूहका Vice President and Auditor General नियुक्त हुनुभएकोमा Ms. Anke D' Angelo लाई बधाई दिनुहुँदै कार्यालयको निमन्त्रणालाई स्वीकार गरी कार्यक्रममा सहभागि हुनु भएकोमा धन्यवाद ज्ञपन समेत गर्नुभयो । उहाँले नेपालको सार्वजनिक वित्तीय व्यवस्थापन सुधारोन्मुख रहेको र यस क्रममा विश्व बैंकले प्रशस्त सहयोग गरेको उल्लेख गर्नुभयो । त्यसैगरी विश्व बैंकको सहयोगमा संचालित एकीकृत वित्तीय व्यवस्थापन सुधार कार्यक्रम अन्तर्गत महालेखापरीक्षकको कार्यालयमा लेखापरीक्षण मानदण्डको समसामयिक सुधार, लेखापरीक्षणलाई थप प्रभावकारी बनाई गुणस्तर सुधार, लेखापरीक्षणमा संलग्न हुने कर्मचारीको क्षमता अभिवृद्धि लगायतका कार्यहरु भईरहेको जानकारी गराउनु भयो । कार्यक्रममा उप-महालेखापरीक्षक श्री रामुप्रसाद डोटेलले नेपालको संविधानमा भएको महालेखापरीक्षक सम्बन्धि व्यवस्था, कार्यालयका मूल्य मान्यता, दुरदृष्टि, गन्तव्य, संगठनात्मक संरचना, लेखापरीक्षणका विधि, प्रकृया, विद्यमान चुनौतिहरुका साथै विश्व बैंकले नेपालका सार्वजनिक आर्थिक प्रशासनमा गरेको सहयोग तथा सम्बन्ध लगायतका विषयमा प्रस्तुती गर्नुभएको थियो ।

सो अवसरमा विश्व बैंक समूहका Vice President and Auditor General ले महालेखापरीक्षकको कार्यालयले गर्ने System Audit, लेखापरीक्षण प्रतिवेदनले औंल्याएको सुझाव कार्यान्वयनको अवस्था, कार्यमूलक लेखापरीक्षणबाट प्राप्त अनुभव तथा नतिजा सम्बन्धमा जिज्ञासा व्यक्त गर्नुभएको थियो । उक्त जिज्ञासाको सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षकज्यूले यस कार्यालयले तोकेको ढाँचामा सम्पूर्ण सरकारी कार्यालयहरुले लेखा अभिलेख राख्नुपर्ने र दिएका सुझावको कार्यान्वयन सम्बन्धित निकायले गर्नुपर्ने व्यवस्था रहेको अवगत गराउँदै कार्यालयले सूचना प्रविधि सम्बन्धी सफ्टवेयर मध्ये नमूना छनौट गरी System Audit गर्दै आएको बताउनुभयो ।

विष्णुप्रसाद रिजाल
प्रवक्ता